**सर्पको टोकाईबाट बचौं र बचाऔं**
- सर्पले टोकेको व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुर्‍याऔं,
- सवारीसाधनमा घाइतेलाई बसाएर सर्पले टोकेको ठाउँसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफुक)तिर नलागौं,
- आफ्नो नजीकको सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
राष्ट्रिय 'क' वर्ग
दैनिक
eprateekdaily.com



अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मोः ९८५५०२२५८०

❖ वर्ष ३५ ❖ २०७९ साउन १९ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 August 04 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३३७

## पर्सा, बारा, रौतहटका २४ स्थानीय तहले बजेट प्रस्तुत गरेनन्

प्रस, वीरगंज, १८ साउन/
बारा, पर्सा, रौतहटका अधिकांश स्थानीय तहमा चालू आव २०७९/८० को लागि बजेट पास भएपनि जनप्रतिनिधिबीच भागबन्डा नमिल्दा खाता सञ्चालनमा आएको छैन ।



तस्वीरः फाइल

खाता सञ्चालनमा नआउँदा ज्येष्ठ नागरिक भत्ता र गत वर्षको दिनुपर्ने भुक्तानी पनि रोकिएको छ । जनप्रतिनिधिहरूले एकमुस्ट बजेट पास गरे पनि शीर्षक अनुसार रकम बाँडफाँड नहुँदा खाता सञ्चालनमा नआएको हो । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सूत्रमा प्रविष्ट गरेपछि चालू आवको कारोबार शुरू भएर भुक्तानी प्रक्रिया शुरू हुन्छ ।

पर्सामा १४ वटा स्थानीय पालिकामध्ये धोबिनी र कालिकामाई गाउँपालिकामा विवादका कारण अहिलेसम्म गाउँसभासमेत भएको छैन । त्यहाँ जनप्रतिनिधिहरूले भागबन्डा बराबर हुनुपर्छ भन्ने माग राखेपछि सहमति नभएको हो । अर्कोतिर सङ्घीय मामिला तथा सामाान्य प्रशासन मन्त्रालयले बारा, पर्सा, रौतहटका २४ वटा स्थानीय तहलाई पत्राचार गरी चाँडै सूत्रमा शीर्षक अनुसार बजेट राख्न निर्देशन दिएको छ । पर्सा जिल्लाका १४ वटा पालिकामध्ये जगरनाथपुर, पोखरिया, बहुदरमाई, विन्ध्यवासिनी, सखुवाप्रसौनी, ठोरी, कालिकामाई, जीराभवानीले अहिलेसम्म वेबसाइटमा बजेट प्रविष्ट गरेको देखिँदैन ।

त्यसैगरी, बाराका १६ वटा पालिकामध्ये सातवटा पालिका जीतपुरसिमरा, महागढीमाई, सिम्रौनगढ, आदर्शकोतवाल, पचरौता, परवानीपुर, प्रसौनी गाउँपालिकाले पनि अहिलेसम्म बजेट प्रविष्ट गरेको देखिँदैन ।

त्यसैगरी, रौतहटका १८ वटा पालिकामध्ये नौवटा पालिका ईशनाथ, कटहरिया, दुर्गाभगवती, देवाहीगोनाही, फतुवाविजयपुर, बौधीमाई, माधवनारायण, मौलापुर, यमुनामाईले पनि सूत्रमा बजेट प्रविष्ट नगरेको मन्त्रालयले जनाएको छ ।

नियमतः असार महीनाभित्र गाउँसभा गरी बजेट पास गर्नुपर्ने र साउनको पहिलो हप्ताभित्र सूत्रमा बजेट प्रविष्ट गर्नुपर्ने स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा उल्लेख छ । तर ती स्थानीय पालिकाहरूले गाउँ/नगर सभा गरी एकमुस्ट बजेट पारित गरेको र शीर्षक अनुसार बजेटमा जनप्रतिनिधिहरूबीच बाँडफाँड नमिल्दा विवाद भइरहेको जनाइएको छ ।

## धार्मिक र पर्यटकीय स्थलको भ्रमणमा जाने क्रम बढ्दो

ओमप्रकाश चौधरी, सेढवा, १८ साउन/
पर्साको ग्रामीण क्षेत्रका बासिन्दाहरू साउन महीनामा विभिन्न धार्मिक एवं पर्यटकीय स्थलमा भ्रमण गर्न जाने क्रम बढेको छ ।


तस्वीरः प्रतीक

किसानहरूले वर्षेबाली धान रोपाइँ गरेर गोडमेल गर्ने कार्य पनि सकाएका कारण उनीहरू खेतीपातीपछि नेपाल र भारतका धार्मिक तथा पर्यटकीय स्थलको भ्रमणमा निस्किएका हुन् । साउनमा विभिन्न स्थानका शक्तिपीठहरूको दर्शन गर्दै आएका किसानहरू खेतीपातीको झन्झटबाट मुक्त भएपछि धार्मिक यात्रामा निस्किएका हुन् । अहिले सामुदायिक विद्यालयहरूमा पनि वर्षे बिदा भएकोले शिक्षकहरू पनि भ्रमणमा छन् । आर्थिकरूपमा सम्पन्न शिक्षक, विद्यार्थीहरू पनि राजधानी काठमाडौं, पर्यटकीय गन्तव्य पोखरा, तानसेन, बुटवल, भैरहवा, लुम्बिनी, धरान, इलाम, झापालगायतका ठाउँहरूमा भ्रमण गएका छन् । यसै महीनामा भारतको प्रसिद्ध बाबाधाम, वासुकिनाथ, अयोध्या, बनारस, कोलकाता, जगरनाथपुरी, गङ्गासागरलगायतका धार्मिक स्थलहरूमा जाने गरिन्छ । यस वर्ष नेपाल र भारतका धार्मिक तथा पर्यटकीय क्षेत्रमा पर्सा जिल्लाबाट जानेहरूको सङ्ख्या बढेको अनुमान गरिएको छ ।

जीराभवानी गाउँपालिका-१ पकडीटोलाका बस सञ्चालक दीपक चौधरीले ५० जना धार्मिक यात्रीहरूलाई लिएर भारतका विभिन्न स्थानको भ्रमणका लागि प्रस्थान गरेको बताए । उनले बिहार, झारखण्ड, पश्चिम बङ्गाल र उडिसा राज्यका विभिन्न धार्मिक तथा पर्यटकीय स्थलको भ्रमण गराउने बताए । भ्रमणका लागि गाडीको कागजपत्र, दूतावासको इजाजतपत्र, यात्रीहरूको नेपाली पहिचानपत्रका साथै कोभिडविरुद्धको खोप लिएको प्रमाणसहित यात्रीहरूलाई भारत लगिएको सञ्चालक चौधरीले बताए ।

जगरनाथपुर गापाको रामजानकी प्रावि बिजबनियाका शिक्षक हरिनारायण चौधरीसहित शिक्षकहरूको समूह दक्षिण भारत भ्रमणका लागि तीन दिन पहिले प्रस्थान गरेको पनि बस सञ्चालक चौधरीले जानकारी गराए ।

भारतका दिल्ली, मुम्बई, गोवालगायतका स्थान भ्रमण गर्ने योजनासहित टोली त्यसतर्फ प्रस्थान गरेको चौधरीले बताए । यसको अलावा गोरखपुर, अयोध्या, कानपुर, गजियाबाद, आगरा, लखनउ, हरिद्वार, ऋषिकेशलगायतका स्थानहरूका लागि पनि जिल्लाका विभिन्न पालिकाहरूबाट मानिसहरू जाने क्रम जारी छ । यसका साथै भारतको दार्जिलिङ, सिक्किम र वैष्णोदेवीको दर्शनका लागि पनि मानिसहरू गइरहेका छन् ।

ग्रामीण क्षेत्रका मानिसहरू आर्थिक अवस्था अनुसार धार्मिक तथा पर्यटकीय क्षेत्रहरूको वार्षिकरूपमा अवलोकन भ्रमण गर्दै आएका छन् । वर्षभरिको तनाव भ्रमणबाट मेटिने अभिप्रायले सामर्थ्य अनुसारको यात्रा गर्ने क्रम पहिलेदेखि नै हुँदै आएको छ । दुई वर्षको कोरोनाले घरमैं बस्न बाध्य भएकाले यसपटक भने बाहिरिनेहरूको सङ्ख्या बढेको हो । भारतमा कोरोना सङ्क्रमण दर बढेकोले थुप्रैले त्यसतर्फको यात्रा परिवर्तन गरेका छन् भने कतिपयले छोट्याएका पनि छन् । जीराभवानी गापा अन्तर्गतको बाबा बटेश्वरनाथ कावरिया सङ्घको आयोजनामा एउटा टोली आज बुधवार त्रिवेणी जल भर्न गएको छ । सयौंको सङ्ख्यामा श्रद्धालु भक्तजनहरू प्रस्थान गरेको छ । एक साताको यात्रामा नेपाल र भारतका गरी दुई दर्जन गाउँका पाँच सयभन्दा बढी यात्रीको सहभागिता रहेको छ ।

यसका साथै पर्सा राष्ट्रिय निकुञ्ज अन्तर्गत दुधेश्वर महादेव मन्दिर, रामभौरी भाथा र ठोरीको भ्रमण गर्ने पनि बढेका छन् । हुलाकी सडक निर्माण भएकोले पछिल्लो समय ठोरीको भ्रमण गर्नेहरूको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको छ ।

## स्थानीय तहका कर्मचारीद्वारा मुख्यमन्त्रीलाई ११ सूत्रीय ज्ञापन

प्रस, वीरगंज, १८ साउन/
वीरगंज महानगरपालिकामा कार्यरत मधेस प्रदेश अन्तर्गत लोकसेवा आयोगबाट सिफारिस भएका कर्मचारीहरूले मुख्यमन्त्री लालबाबूराउत गद्दीलाई ११ सूत्रीय मागसहित ज्ञापनपत्र बुझाएका छन् ।


मुख्यमन्त्रीलाई ज्ञापनपत्र बुझाउँदै कर्मचारीहरू । तस्वीरः प्रतीक

तीन तहको सरकार रहेको र सङ्घीय सरकारले निजामती सेवालाई नीति, कानून, मापदण्ड अन्तर्गत नियमन गर्ने, निर्देशन गर्ने र सोही अनुरूप प्रदेश सरकारले प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीहरूको व्यवस्थापन र नियमनको विषयमा कानून बनाउने र कार्यान्वयन गर्नुपर्नेमा सो नभएको कर्मचारीहरूले बताएका छन् । उनीहरूले स्थानीय तहमा कार्यरत कर्मचारीहरूको वृत्ति विकास, सेवाप्रवाहमा देखिएको असहजता र वृत्ति विकासका बाधक विषयलाई कानून बनाएर सम्बोधन गर्न माग गरेका छन् ।

स्थानीय निजामती सेवा जारी गर्नुपर्ने, एकै पाठ्यक्रम प्रक्रियाबाट एउटै निकायमा नियुक्त भएका कर्मचारीमध्ये एकथरी कर्मचारीलाई सातौं तहमा नियुक्त गरिएको र अर्कोथरी कर्मचारीलाई छैटौं तह नियुक्त गरेकामा समानता नभएको भन्दै सोही मितिदेखि छैटौं तहका कर्मचारीलाई सातौं तहमा बढुवा गर्नुपर्ने माग गरिएको छ ।

वाग्मती प्रदेशले यस विषयमा अग्रता देखाएको भन्दै मधेस प्रदेश सरकारलाई पनि सोही अनुसारको कानून बनाएर सातौं तहमा मिलान गर्न आग्रह गरिएको छ । प्रदेशस्तरीय सरुवा दुई वर्षमा र सङ्घीयस्तरको सरुवा चार वर्षमा हुने व्यवस्थालाई कानूनी रूप दिन आग्रह गरिएको छ ।

अहिले स्थानीय तह कर्मचारीको सरुवाको लागि पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको सहमति चाहिने भएकोले बेथिति भएको ज्ञापनपत्रमा उल्लेख छ ।

यसैगरी, प्रमुख प्रशासकीय अधिकृत खटाउँदा स्थानीय तहका वरिष्ठ कर्मचारीलाई खटाउन माग गरिएको छ । मुख्यमन्त्री गद्दीलाई वीरगंज निवासमा ज्ञापनपत्र बुझाइएको थियो । ज्ञापनपत्र बुझ्दै मुख्यमन्त्री गद्दीले आफूबाट हुने प्रयास गर्ने आश्वासन दिएका थिए ।

## पोखरिया वितरण केन्द्रमा चार प्रतिशतले चुहावट कम

प्रस, पोखरिया, १८ साउन/
नेपाल विद्युत् प्राधिकरण पोखरिया वितरण केन्द्रले आव २०७७/७८ को तुलनामा २०७८/७९ मा विद्युत् चुहावट चार प्रतिशत कम गरेको छ । नेपाल विद्युत् प्राधिकरण पोखरिया वितरण केन्द्रका प्रमुख जगरनाथ झाले आव २०७७/७८ मा २८.४ प्रतिशत चुहावट भएकोमा आव २०७८/७९ मा २४ प्रतिशत चुहावट भएको दाबी गरे ।



पोखरिया वितरण केन्द्र र इनसेटमा प्रमुख जगरनाथ झा । तस्वीरः प्रतीक

उनले आव २०७८/७९ मा मिटरबाट विद्युत् चुहावट गर्ने ४९० जनालाई कारबाई गरी रु ५२ लाख ३६ हजार जरिवाना गरिएको बताए । प्रमुख झाले विद्युत्को नियमित ग्राहकबाट रु २७ करोड ६१ लाख ७६ हजार महसूल सङ्कलन भएको बताए । आव २०७८/७९ मा विद्युत् महसूल नबुझाएका ५४३ जनाको लाइन काटिएको र उनीहरूबाट रु तीन करोड चार लाख ९७ हजार महसूल सङ्कलन भएको जानकारी गराए । गत आवमा कालोसूचीमा परेका १० ग्राहकहरूबाट रु ५ लाख ४६ हजार जरिवाना असुल भएको प्रमुख झाले बताए ।

नेपाल विद्युत् प्राधिकरण पोखरिया वितरण केन्द्र अन्तर्गत वीरगंज महानगरपालिका र पर्सागढी नगरपालिकाका तीनवटा वडाबाहेक पर्सा जिल्लाका सबै पालिका पर्छन् ।

## छोटकरी

### दुर्घटनामा बुबाछोरा घाइते

प्रस, पर्सागढी, १८ साउन/
कलैया उपमहानगरपालिकामा हिजो दिउँसो सवारी दुर्घटना हुँदा बुबा-छोरा घाइते भएका छन् ।

कलैया उपमनपा-३ बजरङ्ग हार्डवेयरनजीकै वीरगंज आउँदै गरेका वीरगंज-१६ निवासी ३७ वर्षीय शेख समीर र उनका ११ वर्षीय छोरा शेख अरमान विपरीत दिशाबाट आएको मोटरसाइकलको ठक्करबाट घाइते भएको बारा प्रहरीले जनाएको छ ।

घाइते दुवैलाई प्रहरीले जिल्ला अस्पताल, कलैयामा भर्ना गराएको र ठक्कर दिने मोटरसाइकल चालक फरार छन् ।

## ऋण तिर्न नसक्दा विषसेवन

प्रस, पर्सागढी, १८ साउन/
बाराको महागढीमाई नगरपालिका-७ बेनौलीका २८ वर्षीय शेषनाथ साह कानूले विषसेवन गरेर आत्महत्याको प्रयास गरेका छन् ।

उनले गाउँलेहरूसँग लिएको ऋण तिर्न नसक्दा विषसेवन गरेको जिल्ला प्रहरी कार्यालय, बाराले जनाएको छ । साउन १७ गते दिउँसो युवक कानूले विषसेवन गरेको र प्रहरी चौकी तेलकुवाले युवकलाई उपचारको लागि जिल्ला अस्पताल, कलैया पठाएको थियो । कानूले गाउँका विभिन्न व्यक्तिहरूसँग ऋण लिएको र ऋणीहरूले बारम्बार ताकेता गर्दा पनि तिर्न नसकेपछि उनले विषसेवन गरी आत्महत्या गर्न खोजेको प्रारम्भिक अनुसन्धानबाट खुलेको जिल्ला प्रहरी कार्यालय, बाराले जनाएको छ ।

## चौध दिनमा तेह्रजना सङ्क्रमित

प्रस, वीरगंज, १८ साउन/
नारायणी अस्पताल, वीरगंजको पिसिआर प्रयोगशालाले साउन १७ गते पाँचजना कोरोना सङ्क्रमित पुष्टि भएको जनाएको छ ।

अस्पतालका प्रवक्ता डा उदयनारायण सिंहले बुधवार यसबारे जानकारी गराएका हुन् । उनले एघारजनाको पिसिआर परीक्षण गर्दा तीनजना पुरुष, दुईजना महिला गरी पाँचजना सङ्क्रमित भएको बताए । सङ्क्रमित सबैजना पर्सा जिल्लाका रहेको र उनीहरूको उमेर २५ देखि ६२ वर्ष रहेको डा सिंहले बताए ।

नारायणी अस्पतालको पिसिआर प्रयोगशालामा साउन ४ गतेदेखि पिसिआर परीक्षण पुनः शुरू भएको हो । अहिलेसम्म तीन चरणमा भएको परीक्षणबाट हिजोसमेत गरी १३ जना सङ्क्रमित पुष्टि भएका छन् ।

## विचारसार एवं सूक्तिहरू

गहन, उर्लंदो आकाङ्क्षा त्यो प्रेरक शक्ति हो, जसले मानिसलाई कुनै बाधा पार गर्न र लक्ष्य हासिल गर्ने योग्य बनाउँछ ।


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# गैरजिम्मेवारीपनको परिणाम

**सरकार किसानमैत्री भएको घोषणा प्रत्येक वर्ष गर्छ । तर कृषि कर्मका लागि आवश्यक मल, बीउबिजन, सिंचाइ आदिको व्यवस्था भने समयमा गरिदिंदैन । बाली लगाउने बेला किसानलाई मल, बीउबिजन, सिंचाइको आवश्यकता पर्ने कुराबाट सरकार अनभिज्ञ छैन । कुन बखत किसानलाई खेतीपातीका लागि के वस्तु आवश्यक पर्छ, त्यसको लेखाजोखा राख्ने सरकारी संयन्त्रहरू पनि नभएका होइनन् । हाम्रो देश कृषिप्रधान भनेर प्रचार गरिएको छ । तर कृषिमा अहिले परनिर्भरता बढ्दो छ । कुनै बेला देशमा उत्पादित खाद्यान्न देशबाहिर निर्यात हुने गर्दथ्यो भने अहिले आयात गरिंदैछ । आयात पनि कम छैन, वार्षिक खर्बौं रुपैयाँको आयात हुने गरेको तथ्याङ्क सार्वजनिक हुँदै आएको छ । कृषि उत्पादनबाट विदेशी मुद्रा आर्जन गर्दै आएको हाम्रो देश अहिले सोही प्रयोजनमा विदेशी मुद्रा गुमाउँदैछ । यसो हुनुको एउटै कारण भने सरकारको करनी र कथनीमा भिन्नता । यसै वर्षको धानखेतीको कुरा गर्ने हो भने पनि सरकारले मगाएको मल धानको बीउ रोपाइँ र गोडमेल सकिएपछि आएको छ । आएको मल पर्याप्त छैन भन्ने कुरा दोहोर्‍याउनुपर्दैन ।**

**किसानलाई धान रोपनी गर्दा युरिया, डिएपी र पोटास आवश्यक पर्छ । त्यसैगरी, धान रोपेको र वर्षा भएको १५ दिनपछि गोडमेल गर्दा युरिया मल आवश्यक पर्छ । यी दुवै कार्यमा मल अभाव नेपाली किसानले भोग्नुपर्‍यो । सीमावर्ती जिल्लाका किसानहरूले भारतीय बजारबाट महँगोमा मल खरीद गरेर गर्जो टारे । देशभरका किसानहरूको कहालीलाग्दो पीडामा सरकारले बेलैमा मलहम लगाउन सकेन । फलतः यसपालि धान उत्पादन घट्ने अनुमान विज्ञहरूको छ । धान उत्पादन घट्नुको अर्थ हो फेरि आवश्यक धान, चामलको आयात बढ्नु । आयात बढ्नुको अर्थ हो विदेशी मुद्रा गुमाउनु । जबकि सरकार अहिले विदेशी मुद्रा सञ्चित गर्न लागेको छ । विदेशी मुद्रा सञ्चितिका लागि सरकारले थुप्रै वस्तुको आयातमा रोक लगाएको छ । विलासिताका वस्तुहरूको आयातमा रोक लगाउने कार्य स्वागतयोग्य हो । यो निर्णय लिन पनि सरकारले विलम्ब गर्‍यो । शुरूदेखि विलासिताका वस्तु आयातमा रोक लगाएको भए अहिले नेपाली जनता पीडित हुने थिएन । भन्सार राजस्व सङ्कलन बढेको मात्र हेरेर जे पनि आयातमा छुट दिंदै आएको सरकारले श्रीलङ्काको अवस्था नआओस् भनेर मात्र चेत खाएको हो । अहिले सरकारसँग सात महीनाको लागि आयात थेग्ने विदेशी मुद्रा रहेको सार्वजनिक भएको छ । सबैभन्दा बढी पेट्रोलियम पदार्थमा देशबाट विदेशी मुद्रा बाहिरिंदै छ । यसको तत्काल विकल्प सम्भव छैन । तर अन्य विकल्प भएका वस्तुहरूको आयात नियन्त्रण गर्ने र आवश्यक भएका वस्तुहरू मात्र आयात गर्ने हो भने हाम्रो आर्थिक अवस्थामा सुधार आउन सक्छ ।**

**रासायनिक मलको पनि विकल्प नभएको होइन । रासायनिक मलको आयात रोक्नका लागि सरकारले प्राङ्गारिक मलमा जोड दिने कुरा वार्षिक नीति तथा कार्यक्रममा ल्याउँछ तर त्यसको कार्यान्वयनमा भने ध्यान दिंदैन । अहिले देशका सबै किसान रासायनिक मलमा आश्रित छन् । रासायनिक मलविना खेतीपाती नै नहुने अवस्था आएको छ । यसो हुनुमा सरकार पूर्णरूपमा जिम्मेवार छ । शुरूदेखि प्राङ्गारिक मलमा जोड दिएको भए नेपाली किसानलाई रासायनिक मलको लत लाग्दैन थियो । अहिले यो लत छुटाउनका लागि पनि सरकारले ठूलो कसरत गर्नुपर्ने देखिन्छ ।**

# प्लास्टिक नियन्त्रणतर्फ सकारात्मक पाइला

स्वतन्त्र विचार




सञ्जय साह मित्र
mitrasanjay41@gmail.com


**फूलले वातावरण र जमीनलाई हानि पुर्‍याउँदैन, जहाँसम्म हुन्छ फाइदा नै हुन्छ । किसानलाई फाइदा हुने कुरा कमैले विचार गरेका हुन्छन् तर यसबाट किसानलाई फाइदा हुनुका साथै देशलाई पनि फाइदा हुन्छ र वातावरणको माध्यमले झन् सबैलाई फाइदा पुग्छ ।**

सरकारले प्लास्टिक नियन्त्रणमा बिस्तारै प्रभावकारी कदम चाल्न थालेको देखिएको छ । केही दिनको अन्तरालमा यससम्बन्धी दुई निर्णयहरू सार्वजनिक भएका छन् । पहिलो निर्णय थियो–भदौ १ देखि देशभर ४० माइक्रोनभन्दा कम प्लास्टिकका झोला प्रयोगमा रोक । अनि दोस्रो निर्णय–देशभर प्लास्टिकका फूलगुच्छाको उत्पादन, आयात, बिक्री वितरण र भण्डारणमा रोक ।

बुझ्नेलाई श्रीखण्ड र नबुझ्नेलाई खुर्पाको बिंड भन्ने उखान नेपाली समाजमा प्रचलित छ । प्लास्टिकको प्रयोग जल, जमीन र वायु सबैमा प्रदूषण फैलाउने किसिमको छ र मानिसको स्वास्थ्यमा पनि गम्भीर असर पुर्‍याउने किसिमको रहेको छ भन्ने कुरो बुझ्नेले बुझेका छन् । बुझ्नुपर्ने धेरैले बुझेको तर व्यावहारिक प्रयोगमा रोक लगाउन नसकेको अवस्था हो ।

केही समय पहिले भारतले पनि प्लास्टिकको प्रयोगमा सकारात्मक कदम चालेको छ । प्लास्टिकको झोला र प्लास्टिकका गिलासको प्रयोगमा धेरै सावधान रहनु आवश्यक छ । एक त सम्भव भएसम्म खानेकुरा प्लास्टिकको झोलामा राख्नुहुँदैन भनिन्छ । झन् प्लास्टिकको गिलासमा तातो चिया खाने चलन चलिसकेको छ । धेरै सजिलो छ मानिसलाई । चिया पकायो र बसेर प्लास्टिकको गिलासमा खायो, रित्तो गिलास जहाँ पायो मिल्कायो । मिल्काएपछि त्यो गिलास कहाँ जान्छ र त्यसले वातावरण हुँदै स्वास्थ्यमा कस्तो असर गर्छ भन्ने कुरामा कसैको ध्यान जाँदैन । सकेसम्म सस्तो र पातलो प्लास्टिकको गिलासमा उम्लिरहेको तातो चिया हालेर पिउँदा त्यसले स्वास्थ्यलाई कस्तो गम्भीर असर गरिरहेको हुन्छ भन्ने कुरातिर कसैको ध्यान गएको हुँदैन ।

हुनत कतिपय पालिकाले पहिले पनि प्लास्टिकको झोला र प्लास्टिकको गिलासमा चिया खाने प्रयोग तथा बिक्री वितरणमा रोक लगाएको खबर आएकै थियो तर कति सफल हुन सक्यो वा अवस्था कस्तो छ भन्ने कुरा दुनियाँले थाहा पाउन सकेन । प्लास्टिकको झोला तथा चिया गिलासको प्रयोगमा नियन्त्रण गरेर कुनै पालिकाले शतप्रतिशत सफलता पाएको कतै पढ्न वा सुन्न पाइएको छैन तर सरकारले प्लास्टिकको प्रयोग र नियन्त्रणतर्फ पछिल्ला दिनमा चालेका दुई सकारात्मक कदमबाट पनि सर्वसाधारणले बुझ्नुपर्ने कुरा के हो भने सम्भव भएसम्म हामीले प्लास्टिकको प्रयोग कम गर्नुपर्छ । अझ प्रयोग गर्ना साथ मिल्काइने प्लास्टिकको प्रयोग त गर्दै नगर्नेतर्फ अग्रसर हुनुपर्छ । प्लास्टिकको भाँडामा खानेकुरा, अझ तातो खानेकुरा, प्याक गरेर लामो समय भण्डारण गरेर राखिएको सोझै खान मिल्ने कुरामा पनि सावधान रहन जरूरी छ ।

सरकारले अब स्पष्ट सङ्केत गरिसकेको छ कि प्लास्टिकको प्रयोगमा नागरिक सावधान हुनु आवश्यक छ । प्रयोग गरिसकेपछि जथाभावी मिल्काउनु झन् खतरनाक हुन्छ । जथाभावी भनिन्छ रोग लागेपछि उपचार गर्नुभन्दा रोग लाग्न नदिनु नै उत्तम हो । प्लास्टिक प्रयोग गरेर मिल्काउने समस्या निम्त्याउनुभन्दा यसको प्रयोग नगर्नु नै उत्तम हुन्छ । यहाँ एक–दुई पुराना स्मृति उल्लेख गर्न चाहन्छु । भारतको तमिलनाडूको कोयम्बतुर शहरमा प्लास्टिकको सचेत प्रयोग भएको देखेको छु । प्लास्टिकको प्रयोग त हुन्छ तर सडकमा पाउन मुश्किल हुन्छ । साधारण होटलमा प्लेटको ठाउँमा केराको पात प्रयोग हुन्छ । यदि कुनै होटल वा लजमा बस्नु छ र अनलाइन खानाको अर्डर गर्ने हो भने आएको खाना कागजमा बेरिएर आइपुग्छ । अचार वा यस्ता केही सामग्री सानो बाक्लो प्लास्टिकमा हुन्छ तर सम्भव भएसम्म प्लास्टिकसित खानाको कुनै परिकार प्रत्यक्ष छोएको हुन्न । यसरी प्लास्टिकको सचेत उपयोग गर्न सकिने जीवनशैली एक्लो व्यक्तिबाट सम्भव हुँदैन । यसकारण सरकारले सङ्केत गरेपछि अब नागरिक नै बढी सचेत हुनुपर्ने समय आइसकेको छ ।

प्लास्टिकको जथाभावी प्रयोग हुन थालेको सम्भवतः तीन दशक भएको हुनुपर्छ । यही तीन चार दशकमा प्लास्टिकको प्रयोगले अहिले विकृतिको रूप धारण गरिसकेको छ । मानिसको जीवनमा प्लास्टिक यसरी प्रवेश गरिसकेको छ कि जतिसुकै हानि गरे पनि यसको प्रयोग गर्न छोड्न सकिने अवस्था छैन । यही स्थितिलाई बुझेर प्लास्टिकको प्रयोगसम्बन्धमा, एकातिर जनचेतनाको विस्तार हुनु जरूरी छ भने अर्कोतिर नीतिगत व्यवस्था । जनचेतना विस्तार भए पनि प्लास्टिकको विकल्प बजारमा उपलब्ध हुँदैन भने यसलाई कम गर्न वा रोक्न सम्भव देखिंदैन । बजारमा जबसम्म प्लास्टिकका यस्ता हानिकारक सामग्रीको उपलब्धता रहन्छ, तबसम्म सर्वसाधारणले आफ्नो आनीबानीमा परिवर्तन गर्न सम्भव छैन । यसै कारण सरकारले नीतिगतरूपमैं पुनर्प्रयोग हुने प्लास्टिकको प्रयोग गर्न उचित मानेर पहिलो निर्णय गरेको छ कि चालीस माइक्रोनभन्दा कमको प्लास्टिकको झोला उत्पादनमा अब नियन्त्रण आवश्यक छ ।

विभिन्न औपचारिक कार्यक्रमहरूमा प्लास्टिकको फूलको गुच्छाको प्रयोगले ह्वात्तै विस्तार पाएको थियो । यो नक्कली फूल र गुच्छा पाउन पनि सजिलो थियो । तर व्यवस्थापनमा यसले समस्या निम्त्याएको थियो । प्लास्टिकको पुष्पगुच्छाको उत्पादन, भण्डारण, बिक्री र प्रयोगमा रोक लगाउनुको अर्थ हो अब सक्कली पुष्पगुच्छा प्रयोग हुन्छ । सक्कली फूल पनि अधिकांश विदेशबाटै आउँछ तर यसको उत्पादन बढाउन सकिन्छ । सक्कली फूल जहाँको भए पनि यदि मिल्काइन्छ भने सजिलै कुहिन्छ । फूल कुहिएर मल नै बन्ने हो । जहाँ भए पनि कृषिको लागि वा माटोको लागि फाइदा नै हुन्छ । यसैगरी यदि फूलको उत्पादन बढाउने हो भने कृषकलाई फाइदा हुन्छ । कृषकलाई फाइदा हुनुको अर्थ हो देशलाई फाइदा हुनु । फूलले वातावरण र जमीनलाई हानि पुर्‍याउँदैन, जहाँसम्म हुन्छ फाइदा नै हुन्छ । किसानलाई फाइदा हुने कुरा कमैले विचार गरेका हुन्छन् तर यसबाट किसानलाई फाइदा हुनुका साथै देशलाई पनि फाइदा हुन्छ र वातावरणको माध्यमले झन् सबैलाई फाइदा पुग्छ । यदि विस्तृत अर्थमा विचार गर्ने हो भने प्लास्टिकमाथि नियन्त्रण हुँदै जाँदा विश्वलाई नै फाइदा पुग्छ ।

सरकारले लिने कतिपय निर्णयप्रति सबैको समान चासो हुनु आवश्यक छ । वातावरण जोगाउन सचेतनाको विस्तार गर्ने सङ्घसंस्थाहरूले अझ यस्ता सकारात्मक कुराको प्रचार गर्ने तथा यस्ता निर्णयलाई जनस्तरसम्म लागू गराउन सहयोग गर्ने काम गर्नु राम्रो हुनेछ । बौद्धिक वर्गका साथै सञ्चारकर्मीहरूले पनि यस निर्णयलाई सम्भव भएसम्म बढीभन्दा बढी जनमानसमा पुर्‍याउनु आवश्यक देखिन्छ । सबैभन्दा बढी भूमिका त शिक्षकहरूको हुन्छ । हरेक शिक्षक तथा प्राध्यापकले यदि यी दुई निर्णयको महत्ता बोध गरी विद्यालय तथा क्याम्पसका कक्षा कोठाभित्र विद्यार्थी माझ फिंजाउने हो भने समाजमा तुरुन्तै पुग्छ । शिक्षालयको ठूलो सञ्जाल भएकोले र अति विकट गाउँदेखि अति सुविधा सम्पन्न शहरसम्म शिक्षक–प्राध्यापकले शिक्षार्थीलाई चेतनाको उज्यालो दिइरहेकाले धेरै हदसम्म सम्भव छ । साथै अन्य क्षेत्रका कर्मचारीहरूले पनि यसको कार्यान्वयनमा सहयोग गर्नु सर्वथा उचित देखिन्छ । सबै पक्षले यी दुई निर्णयको स्वागत गर्दै प्रभावकारी कार्यान्वयनमा सहयोग गर्ने प्रयास गर्नुपर्ने आवश्यकता देखिन्छ ।

# पाँच विषयमा मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयको पाठ्यक्रम तयार

काठमाडौं, १८ साउन/रासस

थप विश्वविद्यालय खुल्ने भन्नेबित्तिकै हाम्रो दिमागमा तिनै ठूला र पुराना विश्वविद्यालयको चित्र देखा पर्न सक्छ । राजनीतिक भागबन्डा, हस्तक्षेप, पदाधिकारीको विवाद, शिक्षक–कर्मचारी र विद्यार्थीको आन्दोलन र घेराबन्दीको चक्रव्यूहमा फस्ने अर्को शैक्षिक संस्था त होला नि भन्ने अनुमान गर्न नसकिने होइन तर अब खुल्ने मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय ती संज्ञाबाट नितान्त फरक र मौलिक हुनेछ ।

राष्ट्रपति विद्यादेवी भण्डारीबाट मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय सम्बन्धमा बनेको विधेयक प्रमाणीकरणसँगै यो नयाँ विश्वविद्यालय सञ्चालनको वैधानिक बाटो खुलेको छ । विज्ञान र प्रविधिका क्षेत्रमा नेपालमैं पहिलो विश्वस्तरको अनुसन्धानमूलक हुने यो विश्वविद्यलायको विधेयक प्रतिनिधिसभाको गत असार २० गतेको बैठकबाट पारित भएको थियो । त्यसपछि राष्ट्रियसभाबाट पनि पारित भएपछि राष्ट्रपतिसमक्ष प्रमाणीकरणका लागि पेश भएको हो ।

सूचना र प्रविधिका क्षेत्रमा विदेशबाट समेत अनुसन्धानकर्मी र विद्यार्थी ल्याउने लक्ष्य लिएको सो विश्वस्तरको विश्वविद्यालय मकवानपुरको चित्लाङ र काभ्रेको पाँचखालमा सञ्चालन गर्न आवश्यक पूर्वाधार विकास भइसकेको छ । यो विश्वविद्यालयको सङ्गठनात्मक प्रक्रिया परम्परागत विश्वविद्यालयभन्दा पृथक छ र यो विश्वविद्यालय राष्ट्रिय प्राथमिकताप्राप्त आयोजनाका रूपमा स्वीकृत भई यसका लागि एक हजार दुई सय रोपनी जग्गा प्रबन्ध भइसकेको छ ।




तस्वीरः फाइल

मुलुकको आर्थिक विकासका लागि आवश्यक पर्ने सक्षम, उच्च प्राविधिक तथा अन्य विधाका आदर्शवान जनशक्ति, वैज्ञानिक तथा विचारकको उत्पादन तथा नयाँ ज्ञान र प्रविधि सिर्जना गर्ने उद्देश्यले नेपालमा पहिलोपटक यस्तो विश्वविद्यालय खुल्न लागेको हो ।

सो विश्वविद्यालय पूर्वाधार निर्माण विकास समितिका अध्यक्ष डा राजेन्द्रध्वज जोशीले जैविक कृषि (अर्गानिक एग्रिकल्चर), विद्युतीय प्रविधि (डिजिटल टेक्नोलोजी), वन पैदावार (फरेस्ट बायोमेट्रियल्स), तथ्याङ्क विज्ञान (डेटा साइन्स) र कृत्रिम बुद्धि (आर्टिफिसियल इन्टेलिजेन्स)का क्षेत्रमा स्नातकोत्तर र विद्यावारिधि तहका लागि पाठ्यक्रम तयार भइसकेको जानकारी दिए । उनले विश्वविद्यालयमा २० प्रतिशत अन्तर्राष्ट्रिय प्राध्यापक हुने र योग्य एवं प्राध्यापक जनशक्तिको उपलब्धता र पूर्वअध्ययनका आधारमा पढाइने विषयवस्तुको पहिचान गरिनेछ बताउँदै अर्थतन्त्रका लागि चाहिने नयाँ प्रविधि निकाल्न सक्ने जनशक्ति तयारी गर्नु आफूहरूको मुख्य ध्येय हुने स्पष्ट गरे ।

अघिल्लो सरकारले आर्थिक वर्ष २०७६/७७ मा विज्ञान तथा प्रविधिको विकासविना उन्नत अर्थतन्त्र र आधुनिक राष्ट्रनिर्माण सम्भव नहुने भएकाले यस क्षेत्रमा विश्वस्तरको अध्ययन र अनुसन्धान विशिष्टीकृत विश्वविद्यालयका रूपमा मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापना गर्ने कार्यक्रम ल्याएको थियो । उक्त आर्थिक वर्षको बजेटमा यसको पूर्वाधार लागि एक अर्ब १० करोड बजेट व्यवस्था भएको थियो भने विभिन्न चरणमा गरेर विश्वविद्यालयका लागि रु ४३ अर्ब लाग्ने अनुमान गरिएको छ । चालू आवमा

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# रेड पान्डा संरक्षणका लागि: हिमाली संरक्षण मञ्च

फुङलिङ, १८ साउन/रासस

पहाडदेखि अलि माथि लेकाली क्षेत्रहरूमा अहिले मालिङ्गोहरूको टुसा



तस्वीरः रासस

पलाउन थालेको छ। दुर्लभ जनावर रातो हाब्रे (रेड पान्डा)को आहारा मालिङ्गोले मुना पलाउन थालेसँगै रेड पान्डाका पोथीले बच्चा जन्माउने र बच्चा हुर्काउने समय सुरुआत भएको छ। यो समय भनेको रेड पान्डाको बच्चा हुर्काउने समय हो।

रेड पान्डाले शान्त ठाउँमा बस्न मन पराउँछ। मानव तथा अन्य जनावरले अशान्ति गरेको मन पराउँदैन। त्यसैले ताप्लेजुङको केही सामुदायिक वनहरूले सार्वजनिक सूचना जारी गरेरै दुर्लभ मानिने रेड पान्डा पाइने क्षेत्रका जङ्गलमा प्रवेशमा रोक लगाएको छ। साउनदेखि असोजसम्म जङ्गलमा पस्न र घाँस दाउरासमेत ल्याउन नपाइने गरी जङ्गल पस्न रोक लगाइएको छ।

रेड पान्डाले बच्चा हुर्काउने समय भएकाले जङ्गलमा होहल्ला भएमा माउले बच्चा छोडेर हिंड्ने खतरा हुने भएकाले यस्तो सूचना जारी गरिएको पाथीभरा क्षेत्रको देउराली भित्री सामुदायिक वनभित्र प्रवेश निषेध गरिएको समुदायिक उपभोक्ता समितिले जनाएको छ। उपभोक्ता समितिका अध्यक्ष निमा कृपा शेर्पाका अनुसार रेड पान्डाले अशान्त माहोलबाट बच्चा जोगाउन अन्यत्रै लिएर हिंड्न खोज्ने, ठाउँ सार्न खोज्ने र सम्हाल्न नसके छोडेर अन्यत्रै जान्छ। यसबाट स्याहार नपुगेर बच्चाको मृत्यु पनि हुन सक्छ।

जेठ अन्तिमदेखि साउनभरि रेड पान्डाले बच्चा जन्माउँछ। त्यसपछिका दुई महीना नियमित हेरचाह गरेर हुर्काउँछ। यो अवधिमा कुनै अवरोध नभए बच्चाहरू सहजै हुर्कन्छन्। त्यसैले यो अवधिलाई विशेष महत्त्वका साथ हेरिने रेड पान्डासम्बन्धी काम गर्दै आएको संस्था हिमाली संरक्षण मञ्चका कार्यक्रम संयोजक रमेश राई बताए।

सामान्यतया १३५ दिनको गर्भाधारणपछि बच्चा जन्माउने रेड पान्डाले पुसदेखि फागुनसम्म गर्भाधारण गर्छ। गर्भवती भएको अवस्थामा ठूलो रूखको प्वाल खोजेर जन्माउने र हुर्काउने ठाउँ बनाउँछ। मेहनत गरेर बनाउने भएकाले विनाअवरोध त्यहीं हुर्काउन पाए बच्चालाई दूध चुसाएरै हुर्काउने भएकाले तीन महीना मात्रै राम्रो वातावरण पाए बच्चा सहजै हुर्कने रेड पान्डा संरक्षाकर्मीहरूको भनाइ छ।

लजालु स्वभावको रेड पान्डा यो अवधिमा चलायमान हुन्छ। खानेकुरा खोज्न गुँडबाहिर निस्कन्छ। आफूलाई असुविधा महसूस भए ठाउँ सार्ने गर्छ। सन् १९८९ मा लाङटाङ राष्ट्रिय निकुञ्जमा गरेको अध्ययन अनुसार ८६ प्रतिशत रेड पान्डाको बच्चा अवस्थामैं मृत्यु हुने गरेको तथ्याङ्कले देखाएको छ। गाडीको हर्न बजे, घाँस दाउरा गर्दा ठूलो आवाजले कराए, रूखको हाँगा खसाले वा रूख काटेमा रेड पान्डा त्रसित हुने गर्छ। त्यस्तो अवस्था आए बच्चा सार्नतिर लाग्छ। सार्न थालेपछि बच्चाका लागि उपयुक्त वातावरण दिन नसक्ने भएकाले मृत्यु पनि हुन सक्छ। कुकुरबाट पनि जोखिम हुन्छ। कुकुर नियन्त्रणका लागि बर्सेनि बन्ध्याकरण शिविर सञ्चालन गरिरहेको हिमाली संरक्षण मञ्चका कार्यक्रम संयोजक राईले बताए।

मालिङ्गोको टुसा, टेङ्गाको दाना, भालुचिन्डेजस्ता वस्तु खाएर बाँच्ने यसले गुँड बनाउँदा आफूले खाने आहारालाई पनि ध्यान दिएको हुन्छ। यो बेला प्राकृतिकरूपले सबै आहारा पाउने समय भएकाले बाँच्नै समस्या भने हुँदैन। ताप्लेजुङमा १३५ भन्दा बढी सङ्ख्यामा रेड पान्डा रहेको अनुमान गरिएको मञ्चको तथ्याङ्क छ। रेड पान्डा मुलुकका ताप्लेजुङ, पाँचथर र इलामका वनहरूमा धेरै पाइन्छन्। विभिन्न समयमा गरिएको सर्वेक्षण अनुसार मुलुकभर यसको सङ्ख्या ३०० को हाराहारीमा रहेको छ।

**विद्यार्थीलाई पढाइँदै रेड पान्डा संरक्षण**

लोपोन्मुख अवस्थामा रहेको दुर्लभ रेड पान्डा संरक्षणका लागि 'रेड पान्डा नेटवर्क'ले विभिन्न सङ्घसंस्थासँगको सहकार्यमा विद्यालयमा पठनपाठन गराउँदै आएको छ। हाब्रे संरक्षणमा क्रियाशील सो नेटवर्कले वातावरण संरक्षणसम्बन्धी पाठ्यपुस्तक तयार गरेर विभिन्न विद्यालयमा अध्ययन-अध्यापन गर्दै आएको हो।

हाब्रे पाइने ताप्लेजुङ, पाँचथर र इलाम गरी २८ विद्यालयमा रातो हाब्रेका विषयमा पठनपाठन भइरहेको रेड पान्डा संरक्षणसम्बन्धी काम गर्दै आएको हिमाली संरक्षण मञ्च ताप्लेजुङका कार्यक्रम संयोजक रमेश राईले जानकारी दिए। कक्षा ६ र ७ मा पठनपाठन सुरुआत गरिएको हो। विद्यालयस्तरबाटै वातावरण संरक्षणको चेतना जगाउन स्थानीय पाठ्यसामग्री तयार पारिएर अध्ययन हुँदै आएको उनले बताए।

ताप्लेजुङ, इलाम र पाँचथरका वातावरण, भौगोलिक अवस्था, मानवीय अवस्थाको विषय समेटिएर तयार पारिएको पाठ्यक्रम भएकाले स्थानीय परिवेश बुझ्न पनि मदत पुग्ने विश्वास गरिएको छ। कक्षा ६ को पुस्तकमा संरक्षण, संरक्षित क्षेत्र र संरक्षणका स्थानीय अभ्यास, हाब्रे, मानव र वन्यजन्तुबीचको द्वन्द्व र न्यूनीकरणका अभ्यास, संस्कार, संस्कृति र पर्यटनसम्बन्धी पाठ्यसामग्री समावेश गरिएका छन्।

कक्षा ७ को पुस्तकमा पूर्वी हिमाल, जैविक विविधता, संरक्षणसम्बन्धी ऐन, कानून, प्राकृतिक स्रोतमा आधारित जीविकोपार्जनका अभ्यास र जलवायु परिवर्तन शीर्षकका छन्। ती विद्यालयमा बाल क्लब बनाएर यसअघिदेखि नै वातावरण संरक्षणसम्बन्धी ज्ञान दिइँदै आए पनि त्यति प्रभावकारी हुन नसकेपछि स्थानीयस्तरमैं पाठ्यक्रम तयार पारी लागू गरिएको रेड पान्डा नेटवर्कले जनाएको छ।

लोपोन्मुख हाब्रेको संरक्षण २०६३ देखि हुन थालेको हो। ताप्लेजुङ, पाँचथर र इलाम जिल्लामा करीब दुई सयको हाराहारीमा हाब्रे रहेको अनुमान गरिएको छ। इलाममा उच्च पहाडी संरक्षण संस्था नेपाल, पाँचथरमा दीपज्योति युवा क्लब र ताप्लेजुङमा हिमाली संरक्षण मञ्चले हाब्रे संरक्षण गर्दै आएका छन्। हाब्रे उच्च हिमाली तथा पहाडी क्षेत्रमा बसोबास गर्ने गर्दछ। विशेषगरी मालिङ्गोका पात र तामा खाने गर्दछ। रेड पान्डा नेपाल, चीन, म्यानमा, भुटानलगायत देशमा पाइने भएपनि यिनीहरूको सङ्ख्या दिनानुदिन घट्दै गएको मञ्चका सचिव विवश केदेमले जानकारी दिए। नेपालमा दुई हजार पाँच सयको हाराहारीमा हाब्रे हुन सक्ने उनको भनाइ छ।

यो एक हजार आठ सयदेखि चार हजार आठ सय मिटर उचाइका क्षेत्रमा पाइने गर्छ। खासगरी गुराँस र बाँस प्रशस्त भएको समशीतोष्ण पतझड र कोणधारी जङ्गल क्षेत्रमा बसोबास गर्ने गर्दछ। अन्तर्राष्ट्रिय प्रकृति संरक्षण सङ्घ (आइयुसिएन)ले हाब्रेलाई सन् १९९६ देखि सङ्कटापन्न जीवको सूचीमा राखेको छ।

विभिन्न कारणले गर्दा हाब्रेको सङ्ख्या दिनानुदिन घटिरहेको छ। यसको प्राकृतिक बासस्थान निरन्तरको विनाश, निगालो र बाँसजन्य जङ्गल अभाव, कम प्रजनन क्षमता, कम जन्मदर तर उच्च मृत्युदर, अत्यन्तै कमजोर शरीर, चोरी-शिकारी, डढेलोलगायतका कारण हाब्रेका लागि चुनौती बनिरहेको छ। तीव्ररूपमा भइरहेको वनजङ्गलको विनाश र अवैध चोरी-शिकारीको कारणले गर्दा हाब्रे सङ्कटमा परिरहेको छ।

हाब्रेको शिकार निषेधित भएपनि तस्करले यसको लुकीछिपी शिकार गर्ने गर्छन्। नेपालले पनि रेड पान्डालाई संरक्षित जीवका रूपमा सूचीकृत गरेको छ। सरकारको पछिल्लो सर्वेक्षणले रेड पान्डा २३ जिल्लामा पाइने यकीन भएको छ। रेड पान्डा नेटवर्कले ३५ जिल्लामा एक महीना लगाएर गरेको सर्वेक्षणले मुलुकको पश्चिमी क्षेत्रमा हाब्रेको बढी बासस्थान रहेको पहिचान गरेको छ। ताप्लेजुङ, पाँचथर, इलाम, सङ्खुवासभा, सोलोखुम्बु, खोटाङ, भोजपुर, दोलखा, रामेछाप, सिन्धुपाल्चोक, नुवाकोट, रसुवा, धादिङ, लमजुङ, म्याग्दी, बागलुङ, रोल्पा, रूकुम, जाजरकोट, जुम्ला, मुगु र कालीकोटमा हाब्रेको

(बाँकी तेस्रो पातामा)



वीरगंजको आदर्शनगर रङ्गशालामा बिहान फूटबलको अभ्यास गर्न जाँदै खेलाडीहरु । राष्ट्रिय, अन्तर्राष्ट्रिय र सार्कस्तरीय फूटबल प्रतियोगितामा नेपालले राम्रो प्रदर्शन गर्न सकेको छैन । तस्वीर: पङ्कज श्रेष्ठ

## फरक समाचार

# गलतीले भएका चार आविष्कार

संसारभरिका करोडौं मान्छेको ज्यान जोगाउने पेसमेकर गलतीले आविष्कार भएको थियो। भनिन्छ कहिलेकाहीं काम नलाग्ने आविष्कारले संसारमा निकै परिवर्तन ल्याएको छ।

**माउसः** सन् १९६० मा स्टेनफोर्ड रिचर्स इन्स्टिच्युटमा इलेक्ट्रिकल इन्जिनीयरिङ अध्ययन गर्ने डगलस एङ्गलबार्टले नयाँ कम्प्युटर प्रयोग गरिरहेको देखेर उनलाई विचार जुऱ्यो। त्यति बेला भिडियो गेममा माउसको सट्टा जोय स्टिक राखिन्थ्यो। तर यो डिभाइस प्रयोग गर्न सहज थिएन। एङ्गलबार्टले यसको समाधान निकाल्न बग नामक एउटा डिभाइस बनाए, जसमा दुई गोलाकार पाङ्ग्रा हुन्थ्यो, जसले कम्प्युटरमा देखिएको कर्सरलाई नियन्त्रित गर्दथ्यो।



सन् १९६६ मा नासाले एङ्गलबार्टको आविष्कार प्रयोग गऱ्यो र यसलाई निकै प्रभावशाली मान्यो। दुई वर्षपछि एङ्गलबार्टले सान फ्रान्सिस्कोमा आफ्ना साथी आविष्कारक बिल इङ्गलिशसँग मिलेर एक हजार मान्छेको अगाडि एउटा डिभाइसको डेमो प्रस्तुत गरे। यसलाई माउस भनियो। प्रविधिको दुनियाँमा यस कार्यक्रमको निकै चर्चा भयो। तर पाँच वर्षपछि एङ्गलबार्ट र बिल इङ्गलिशले निवेश पाएनन्। किनभने उनको टीमको बढीजसो सदस्य स्टेनफोर्ड छाडेर गए। यसमा बिल इङ्गलिश पनि थिए, उनी जिरोक्समा काम गर्न थाले।

सन् १९७९ मा एकजना व्यक्ति जिरोक्सको रिसर्च सेन्टर हेर्न आफूसँग रहेको जिरोक्सको शेयर दिए। यो व्यक्ति अरू कोही थिएनन्, स्टीभ जब्स थिए। र उनको कम्पनीको नाम एप्पल थियो। जिरोक्सको रिसर्च सेन्टरबाट नै माउस निस्किएको थियो।

भनिन्छ, स्टीभ जब्सलाई यो आइडिया यति धेरै मन पऱ्यो कि उनले आफ्नो इन्जिनीयर टीमलाई पुनः माउस बनाउन लगाएर एप्पलको उत्पादनको रूपमा लन्च गरे। माउसमा असली पेटेन्ट स्टेनफोर्ड रिसर्च इन्स्टिच्युटसँग थियो, जसको मतलब यो भयो कि एङ्गलबार्टलाई माउसको आविष्कारबाट केही प्राप्त भएन। यद्यपि एङ्गलबार्टको सोच समयभन्दा अगाडि थियो तर माउसलाई घरघरमा पुऱ्याउन स्टीभ जब्सजस्ता व्यक्तिको आवश्यकता पऱ्यो।

**बुलेटप्रूफ ज्याकेटः** स्टेफनी कोवलेक निकै प्रतिभाशाली रसायनशास्त्री थिइन्। उनलाई कपडा र धागोमा विशेष रुचि थियो। स्टेफनी सिन्थेटिक फाइबरको क्षेत्रमा काम गरिरहेकी थिइन्। उनले एउटा यस्तो सोल्युशन आविष्कार गरिन्, जुन स्टीलभन्दा पनि मजबूत थियो भने फाइबर ग्लासभन्दा पनि हलुका थियो। आजको संसारमा यसको प्रयोग टायर, ग्लब्स, बुलेटप्रूफ ज्याकेट, स्पेस सूट र स्पेसक्राफ्टमा भइरहेको छ। स्टेफनीले यो आविष्कार बनाउने बेला उनका धेरै साथीले साथ दिएका थिएनन् तर आज यो आविष्कार विश्वभरि चर्चित छ।



**थ्रीडी भिडियो हेडसेटः** प्रविधिको दुनियाँमा अहिले ओगमेन्टेड रियालिटी र भर्चुअल रियालिटीको कुरा भइरहेको छ। तर विनाहेडसेट यी प्रविधिको कल्पना पनि गर्न सकिंदैन। हेडसेटको सुरुआतमा एकजना व्यक्ति जसले सिनेमाको दुनियाँलाई बदलिन दुईवटा आविष्कार गरे, जसमा उनी सफल रहेनन्। उनी हुन् मोर्टन हेलिग, जसले सिनेमा हेर्नेहरूलाई जीवन्त अनुभव दिन सन् १९५७ मा सेन्सोरामा नामक डिभाइस बनाए। यो थ्रीडी भिडियो मेशिन थियो, जसमा हल्लिइरहेको सिट र हावा दिइन्थ्यो। उनको उद्देश्य सिनेमाप्रेमीहरूलाई स्क्रिनमा देखिएको दृश्यको अनुभव उनीहरूको सिटमा नै दिनु थियो।



उदाहरणको लागि यदि फिल्ममा हीरोले मोटरसाइकल चलाइरहेको देखिन्छ भने हेरिरहने व्यक्ति मोटरसाइकलमा बसेको जस्तो लाग्छ, उसलाई सिट हल्लिरहेको र हावा लागिरहेको महसूस हुन्छ। हेलिगलाई यो खोजप्रति निकै आशा थियो। उनले कार निर्माता हेनरी फोर्डलाई यो मेशिन बेच्न खोजे। तर फोर्डले किनेनन्। सेन्सोरामा अन्ततः हेलिगको बगैंचामा राख्दाराख्दै बिग्रियो।

तीन वर्षपछि हेलिगले टेलिस्फियर मास्क पेटेन्ट गराए, जुन एउटा थ्रीडी भिडियो हेडसेट थियो। आजको युगमा भर्चुअल रियालिटी इन्डस्ट्री १७० खर्ब डलर पुगिसकेको छ। तर दुःखको कुरा हेलिग यस इन्डस्ट्रीको अङ्ग बन्न सकेनन्। उनको मृत्यु सन् १९९७ मा भयो।

**पेसमेकर :** आजभोलि पेसमेकरले लाखौंको जिन्दगी बचाइरहेको छ। यो आविष्कार हुनुको कथा निकै रोचक छ। यसको आविष्कार विल्सन ग्रेटबेचले गरेका थिए, उनी मुटुको ढुकढुकी सुन्न चाहन्थे। तर उनी निकै असफल भए। उनले मुटुको इलेक्ट्रिकल तरङ्ग सुन्ने कोशिश गर्न लगातार गलत रेसिस्टर प्रयोग गरे। यस मेशिनबाट विद्युत् तरङ्ग रिकर्ड गर्नुको सट्टा इलेक्ट्रिकल तरङ्ग जारी हुन्थ्यो। यस प्रकार उनले गलतीले पेसमेकर आविष्कार गरे। यस डिभाइसले गत ६० वर्षमा लाखौंको जिन्दगी बचाएको छ। ग्रेटबैच कम्पनीले आज संसारभरि प्रयोग हुने पेसमेकर डिभाइसमध्ये ९० प्रतिशत डिभाइसको ब्याट्री बनाइरहेको छ। ग्रेटबैचको एउटा गलतीको कारण दुनियाँभरिका मान्छेको जिन्दगी बचाउन सफल भइएको छ। उनी ९२ वर्षसम्म जीवित रहे।




– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## युक्रेनको आणविक ऊर्जा केन्द्र नियन्त्रण बाहिर

संयुक्त राष्ट्रसङ्घ, १८ साउन/एपी

संयुक्त राष्ट्रसङ्घका एक उच्च अधिकारीले युक्रेनस्थित युरोपको सबैभन्दा ठूलो आणविक ऊर्जा केन्द्र पूर्णरूपमा नियन्त्रण बाहिर रहेको बताउँदै आणविक दुर्घटना रोक्न तत्काल विज्ञलाई केन्द्रको वस्तुस्थिति आकलनका निम्ति भ्रमणको अनुमति दिन युक्रेन र रूसलाई अनुरोध गरेका छन्।

अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीका महानिर्देशक राफेल ग्रोसीले एशोसिएटेड प्रेससँगका अन्तर्वार्तामा रूसी सेनाले गत मार्चको शुरूमा कब्जा गरेको दक्षिणपूर्वी शहर एनरहोदरको जापोरजिया आणविक केन्द्रको अवस्था दिन प्रतिदिन जोखिमपूर्ण हुँदै गइरहेको बताए।



जापोरजिया आणविक केन्द्र। तस्वीरः एएफपी

उक्त केन्द्रमा आणविक सुरक्षाका हरेक सिद्धान्त उल्लङ्घन गरिएको बताउँदै उनले त्यसले अत्यन्त गम्भीर र खतरनाक परिस्थिति निम्त्याउन सक्ने चेतावनी दिए। उनले केन्द्रनजीकको रूस नियन्त्रित क्षेत्रमा चर्केको भीषण युद्धले आणविक केन्द्रको सुरक्षा जोखिममा परेको बताए।

केन्द्रका उपकरण र पार्टपुर्जाको आपूर्ति शृङ्खला अवरुद्ध भएकाले त्यहाँ रहेका आणविक सामग्री सुरक्षित रहे नरहेको यकीन गर्न निरीक्षण विज्ञद्वारा निरीक्षण अत्यावश्यक भएको उनले बताए। चेर्नोबिल दुर्घटनाजस्तो नहोस् भनेर बेलैमा सचेत हुन अति जरुरी भएकामा उनले जोड दिए।

आणविक दुर्घटना हुनबाट रोक्न जापोरजिया केन्द्रको निरीक्षण आवश्यक भएको ग्रोसीको कथन छ। केन्द्रमा पुग्न आफू, आफ्नो टोलीलाई सुरक्षालगायत अन्य आवश्यक व्यवस्था गर्न उनले रूस र युक्रेनलाई अपील पनि गरेका छन्। रासस

## आशियान बैठकः क्षेत्रीय आर्थिक साझेदारीमा जोड

नोमपेन, १८ साउन/सिन्ह्वा

दस्य राष्ट्रहरूको अर्थतन्त्रलाई कोभिड–१९ महामारीअघिको अवस्थामा पुऱ्याउने तथा प्रमुख क्षेत्रीय र विश्वव्यापी चुनौतीको सामनामा केन्द्रित रहेर दश सदस्यीय दक्षिणपूर्वी एशियाली राष्ट्रहरूको सङ्गठन (आशियान)का विदेशमन्त्रीहरूको पाँचौं बैठक यहाँ प्रारम्भ भएको छ।

कम्बोडियाका प्रधानमन्त्री सम्देच टेको हुन सेनले क्षेत्रीय सुरक्षा, म्यानमा मुद्दा, युक्रेन युद्ध र जलवायु परिवर्तनलगायतका क्षेत्रीय चासोका विषयमा केन्द्रित रहेर बैठकको उद्घाटन गर्दै स्वतन्त्र व्यापार सम्झौताको कार्यान्वयन एवं समन्वयका लागि एकल सचिवालय स्थापना गर्ने प्रस्ताव गरेका छन्। साथै उनले व्यापक क्षेत्रीय आर्थिक साझेदारी (आरसिइपी)का निम्ति बेग्लै सचिवालय अपरिहार्य भएको बताए।

गत जनवरीमा लागू भएको आरसिइपीको प्रभावकारी कार्यान्वयनमा समन्वय गर्न यथाशक्य चाँडो एकल सचिवालय हुनु आवश्यक भएको बताउँदै उनले कम्बोडियामा उक्त सचिवालय स्थापना गर्न आफू तयार रहेको जानकारी दिए।

आशियानका सदस्य ब्रुनाई, कम्बोडिया, इन्डोनेशिया, लाओस, मलेशिया, म्यानमा, फिलिपिन्स, सिङ्गापुर, थाइल्यान्ड र भियतनाम तथा तिनका व्यापार साझेदार चीन, जापान, दक्षिण कोरिया, अस्ट्रेलिया र न्यूजील्यान्ड सदस्य रहेको आरसिइपीको सचिवालय नोमपेनमा स्थापना गर्न सदस्य राष्ट्रबाट समर्थन प्राप्त हुने विश्वास व्यक्त गरे।

दीर्घकालीनरूपमा क्षेत्रीय र विश्वव्यापी आर्थिक वृद्धिमा आरसिइपीले नयाँ गति दिने उनले बताए।

कम्बोडियाले टकराव नभई पारस्परिक एकता र सहयोगका लागि जोड दिएको बताउँदै उनले विभाजनका विषयलाई त्यागेर सहकार्य र साझेदारीमा सदस्य देशहरूले आफ्नो ध्यान केन्द्रित गर्नुपर्ने सुझाव दिए। कम्बोडियाली नेताले युक्रेन युद्धले गम्भीर आर्थिक अवरोधका साथै खाद्य र ऊर्जा सुरक्षामा आँच पुऱ्याएको र त्यसले विश्वलाई फेरि एकपटक विभाजनतर्फ धकेलेकोमा चिन्ता व्यक्त गरे। रासस

## युक्रेनका राष्ट्रपति र नेटोका महासचिवबीच वार्ता

कीभ, १८ साउन/सिन्ह्वा

युक्रेनका राष्ट्रपति भोलोदिमीर जेलिन्स्की र उत्तर एटलान्टिक सन्धि सङ्गठन, नेटोका महासचिवबीच फोनवार्ता भएको छ। उनीहरूबीच युक्रेनलाई आगामी दिनमा नेटोले उपलब्ध गराउने आवश्यक सहयोगबारे कुराकानी भएको बताइएको छ।




युक्रेनका राष्ट्रपति भोलोदिमीर जेलिन्स्की (बायाँ) र नेटो महासचिव जेन्स स्टोलटेन्बर्ग। तस्वीरः फाइल

मङ्गलवार उनीहरूबीच फोनवार्ता भएको थियो। वार्ताका क्रममा युक्रेनका राष्ट्रपति जेलिन्स्कीले नेटो महासचिव जेन्स स्टोलटेन्बर्गलाई युक्रेनको वर्तमान अवस्थाबारे जानकारी गराएका थिए।

त्यस अवसरमा उनले यसै वर्ष भएको 'म्याड्रिड समिट २०२२' मा भएको सहमति बमोजिम युक्रेनले हतियार प्राप्त गर्नुपर्ने कुरा स्मरण गराएको युक्रेनका राष्ट्रपतिको कार्यालयले जानकारी दिएको छ।

युक्रेनमाथि रूसले आक्रमण गरेपछि केही महीनादेखि रूस र युक्रेनबीच द्वन्द्व जारी छ। युद्धका कारण युक्रेनको आर्थिक अवस्था निकै कमजोर बन्दै गएको गएको छ।

कुराकानीका क्रममा राष्ट्रपति जेलिन्स्कीले युक्रेनले नेटो सङ्गठन तथा नेटोका सदस्य राष्ट्रहरूबाट ठूलो हतियारहरूको अपेक्षा गरिरहेको जानकारी दिए।

स्पेनको राजधानीमा हालै भएको 'म्याड्रिड समिट २०२२' मा युक्रेनलाई हातहतियारका साथै इन्धन, सञ्चार प्रविधिमा सहयोग गर्ने सहमति भएको थियो। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष — व्यापारलाभ | वृष — शत्रुपराजय |
| मिथुन — ज्ञानोदय | कर्कट — उदरपीडा |
| सिंह — विजय | कन्या — धनलाभ |
| तुला — भाग्योदय | वृश्चिक — बेचैनी |
| धनु — मनोरञ्जन | मकर — कर्मप्राप्ति |
| कुम्भ — वादविवाद | मीन — यात्रालाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### वीरगंज महानगरपालिकाको सूचना

यस वीरगंज महानगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा आवागमनमा बाधा पर्ने गरी निर्माण सामग्री थुपार्ने, फूटपाथमा पसल सञ्चालन गर्ने, छाडा गाईवस्तु तथा छाडा चौपाया छोड्ने, जथाभावी फोहर फाल्नेलगायत नियमविपरीत कार्यहरू नगर्न नगराउन हुन जानकारी गराइन्छ। साथै उक्त कार्य गरेको पाइएमा कानून बमोजिम जरिवानाका साथै सोको व्यवस्थापन गर्दा लागेको सम्पूर्ण खर्चसमेत सम्बन्धितबाट असुल उपर गरिने बेहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**वीरगंज महानगरपालिका, पर्सा**

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

## निगमको प्रस्टीकरण– ऋण तिर्न बाँकी छ, मूल्य घट्दैन

काठमाडौं, १८ साउन/रासस

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको खरीद मूल्यमा सामान्य गिरावट आएको भएपनि ऋण तिर्नुपर्ने दायित्व बाँकी रहेकाले मूल्य समायोजन नहुने प्रस्ट पारेको छ।




निगमले बुधवार एक विज्ञप्ति जारी गर्दै पेट्रोल, मटीतेल र हवाई इन्धनमा सामान्य नाफा भएपनि नेपाल सरकारबाट लिएको ऋण र इन्डियन आयल कर्पोरेशन (आइओसी)लाई बक्यौता भुक्तानी गर्नुपर्ने भएकाले मूल्य समायोजन नहुने जनाएको हो। आइओसीबाट सोमवार प्राप्त नयाँ खरीद मूल्य अनुसार पेट्रोलमा प्रतिलिटर दुई रुपियाँ ७८ पैसा नाफा तथा डिजेलमा प्रतिलिटर नौ रुपियाँ ३७ पैसा र खाना पकाउने एलपी ग्याँसमा प्रतिसिलिन्डर ४९९ रुपियाँ ५७ पैसा घाटा रहेको निगमका सहप्रवक्ता पुष्कर कार्कीले जानकारी दिए। निगमलाई मटीतेल र हवाई इन्धनमा भने यसअघि नै नाफा रहेको छ।

पेट्रोलियम पदार्थको बिक्रीबाट मासिक रु एक अर्ब २७ करोड घाटा हुने निगमको प्रक्षेपण छ। सरकारसँग लिइएको ऋण, आइओसीलाई तिर्नुपर्ने बक्यौता तथा मासिक एक अर्ब बढी घाटा भएकाले पेट्रोलियम पदार्थको बिक्री मूल्य हाललाई यथावत् नै राख्नुपरेको उनले बताए।

निगमले आइओसीलाई पेट्रोलियम पदार्थ खरीद गरेबापत भुक्तानी गर्नुपर्ने रकम अपुग भएपछि सरकारसँग रु सात अर्ब र राष्ट्रिय वाणिज्य बैंकबाट रु तीन अर्ब ऋण लिएको थियो। निगमले अझै आइओसीलाई रु २३ अर्ब भुक्तानी गर्न बाँकी छ।

### पेट्रोलियम पदार्थको मूल्य समायोजन गर्न माग

यातायात व्यवसायीहरूले अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य घटेको भन्दै नेपाली बजारमा पेट्रोलियम पदार्थको मूल्य समायोजन गर्न माग गरेका छन्। नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका महासचिव डेकनाथ गौतमले बुधवार एक विज्ञप्ति जारी गरी भारतबाट नेपालमा आयात हुने पेट्रोलियम पदार्थको मूल्यमा दुईपटक रकम घटेको भन्दै नेपालमा पनि पेट्रोलियम पदार्थको मूल्य समायोजन गर्न माग गरेका हुन्।

"कोरोना कहरका कारण ठूलो आर्थिक व्ययभार खेपेका यातायात व्यवसायीलाई राहत दिनुको सट्टा अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य घट्दा नेपालमा समायोजन नहुनु दुःखको कुरा हो," महासङ्घद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

महासङ्घका अध्यक्ष विजयबहादुर स्वाँरले सार्वजनिक सवारीसाधनको कर, बैंकको ब्याज, रूट इजाजत दस्तुर, जाँचपास बीमा, सवारीसाधनका इन्जिनको मूल्य अत्यधिक बढ्दा यातायात व्यवसायीहरू ठूलो मारमा परेको बताए। "अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य घट्दा नेपालमा तत्काल समायोजन हुनुपर्छ," उनले भने।

महासङ्घले विद्यार्थी, अपाङ्ग, ज्येष्ठ नागरिकलाई सार्वजनिक यातायातले सहुलियत दिएबापत नेपाल सरकारले यातायात व्यवसायीलाई कर, रूट इजाजत, जाँचपासमा विगतका दिनमा ६० प्रतिशत सहुलियत दिंदै आएकामा हाल उक्त सुविधा कटौती भएको भन्दै उक्त सुविधालाई निरन्तरता दिन माग गरेको छ।

## प्रहरी समायोजन गर्न सङ्घीय सरकारसँग आग्रह

जनकपुरधाम, १८ साउन/रासस

मधेस प्रदेश सरकारले तत्काल प्रहरी समायोजन गर्न सङ्घीय सरकारसँग आग्रह गरेको छ। मधेस प्रदेश सरकारका गृह तथा सञ्चारमन्त्री भरतप्रसाद साहले बुधवार बिहान मन्त्रालयमा पत्रकार सम्मेलन गरी एक साताभित्र प्रहरी समायोजन गर्न सङ्घीय सरकारसँग आग्रह गरे।



गृह तथा सञ्चारमन्त्री भरतप्रसाद साह।

"हामीले पटक–पटक प्रहरी समायोजन गर्न केन्द्र सरकारसँग आग्रह गर्दै आएका छौं," उनले भने, "तर सङ्घीय सरकारले कुनै गम्भीरता देखाएको छैन, एक सातासम्म पनि प्रहरी समायोजन नभए हामी बाध्य भएर सङ्घीय सरकारविरुद्ध सङ्घर्षमा उत्रिन्छौं।" प्रहरी समायोजनका लागि सङ्घीय सरकारलाई दबाब दिन यही साउन २२ गते प्रदेश प्रमुखमार्फत सङ्घीय सरकारलाई ज्ञापनपत्र पठाउने मन्त्री साहको भनाइ थियो।

प्रदेशका सबै राजनीतिक दल, प्रदेशसभाका सांसद, सरकारका प्रतिनिधिसमेतले प्रदेश प्रमुखमार्फत सरकारलाई ज्ञापनपत्र पठाउने जनाउँदै मन्त्री साहले ज्ञापनपत्रपश्चात् पनि प्रहरी समायोजन नभए एक सातापछि चरणबद्ध आन्दोलनमा उत्रिने बताए।

केही साताअघि जनकपुरधाममा भएको सातै प्रदेशका गृहमन्त्रीको सामूहिक बैठकले तत्काल प्रहरी समायोजन गर्न आग्रह गरेको र मधेस प्रदेशका मुख्यमन्त्रीको नेतृत्वमा छुट्टै आग्रह गरे पनि सङ्घीय सरकारले त्यसतर्फ ध्यान नदिएको गुनासो गर्दै मन्त्री साहले संविधानले प्रदेश सरकारलाई दिएको अधिकारसमेत सङ्घीय सरकारले खोस्ने, अपव्याख्या गर्ने र आश्वासन मात्रै दिने गरेकोले बाध्य भएर प्रदेश सरकार सङ्घर्षमा उत्रिन लागेको उल्लेख गरे।

## नयाँ पुस्तालाई राजनीतिमा आउन अध्यक्ष बिजुक्छेंको आह्वान

भक्तपुर, १८ साउन/रासस

नेपाल मजदूर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेंले नयाँ पुस्तालाई राजनीतिमा आउन आह्वान गरेका छन्।

देशमा आमूल परिवर्तन आवश्यक रहेको उल्लेख गर्दै उनले त्यसका लागि स्वच्छ राजनीति गर्न युवालाई राजनीतिमा आउन जोड दिए।

भक्तपुरमा मङ्गलवार आयोजित पुस्तक चर्चा कार्यक्रममा अध्यक्ष बिजुक्छेंले भने–"नयाँ पुस्ता राजनीतिमा आउनुपर्छ, व्यक्तिगत स्वार्थ त्यागेर इमानदारीपूर्वक देश र जनताका लागि समर्पित हुने भावनाले नयाँ पुस्ता अब राजनीतिमा आउनैपर्छ।" उनले देश परिवर्तनका लागि निरन्तर सङ्घर्ष आवश्यक रहेको बताए।




कार्यक्रममा बोल्दै अध्यक्ष नारायणमान बिजुक्छें। तस्वीरः रासस

### पाँच विषयमा मदन भण्डारी....

सञ्चालन खर्चतर्फ रु साढे तीन करोड विनियोजन गरिएको छ। सो विश्वविद्यालयमा चार हजारसम्म विद्यार्थी हुने लक्ष्य राखिएको छ। विश्वविद्यालयले कुनै कलेजलाई सम्बन्धन नदिई आफैं डिग्री प्रदान गर्नेछ।

विश्वविद्यालयमा विज्ञान तथा प्रविधि, मानविकी तथा सामाजिक शास्त्र, व्यवस्थापन, कानून र न्यायलगायतका विषय र क्षेत्रमा केन्द्रित हुनेछ। अन्य विश्वविद्यालयको भन्दा पृथकरूपमा सञ्चालनका लागि संरक्षक समिति (बोर्ड अफ ट्रस्टी) गठनको प्रबन्ध गरिएको छ। त्यसको मातहतमा कार्यकारी परिषद् हुनेछ। कार्यकारी प्रमुखको हैसियतमा विश्वविद्यालयमा एक अध्यक्ष हुनेछन्।

यो विश्वविद्यालयमा कुलपति र उपकुलपति रहने छैनन्। विश्वविद्यालयका लागि चीन सरकारसँग अनुदान सम्झौता हुने भनिए पनि हालसम्म हुन सकेको छैन। स्नातक तहको पाठ्यक्रम भने केही वर्षपछि तयार हुनेछ।

मन्त्रिपरिषद्को निर्णयबाट २०७५ माघ २१ गते गठित पूर्वाधार विकास समिति गठन भएको थियो।

# अपराध न्यूनीकरण गर्न कुनै कसर बाँकी नराख्ने -प्रउ मगर

प्रस, रौतहट, १८ साउन/

जिल्ला प्रहरी कार्यालय, रौतहटका प्रहरी उपरीक्षक वीरबहादुर बुढामगरले अपराध न्यूनीकरण गर्न कुनै कसर बाँकी नराख्ने बताएका छन् ।


तस्वीरः प्रतीक

बुधवार जिप्रका, रौतहटले आयोजना गरेको पत्रकार सम्मेलनमा उनले खुला सिमानाबाट हुने अवैध कारोबार तथा अपराध नियन्त्रण योजनाबद्ध तरीकाले गर्ने बताए । उनले अवैध मदिराभट्टी, समाजमा हुने कुरीति, विसङ्गति, चोरी डकैतीलाई प्राथमिकताका साथ न्यूनीकरण गर्ने बताए । समुदाय–प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत समाजबाट कुरीति, विसङ्गति हटाउने उनले बताए । उनले मलखादको समस्या समाधान गर्ने बताउँदै लागूऔषध दुर्व्यसनीहरूलाई सचेत गराउने बताए । प्रउ बुढामगरले मङ्सिरमा हुने भनिएको निर्वाचनलाई भयरहित र निष्पक्ष गराउने बताए । प्रउ मगरले प्रहरी एक्लैले अपराध नियन्त्रण र शान्ति सुरक्षा कायम राख्न अहोरात्र खटिरहने भएकोले सूचना प्रदान गरी सहयोग गर्न सञ्चारकर्मीहरूलाई आग्रह गरे ।

# सरकार र राजनीतिक दलविरुद्ध राप्रपाको विरोध प्रदर्शन

प्रस, निजगढ, १८ साउन/

मुलुकमा ठूला राजनीतिक दल सम्मिलित सरकारले राष्ट्रघात गरेको र महँगी र भ्रष्टाचारले जनता आक्रान्त बनेको भन्दै राष्ट्रिय प्रजातन्त्र पार्टीको भ्रातृ युवा सङ्गठन निजगढ नगर र किसान


तस्वीरः प्रतीक

सङ्गठन निजगढ नगरको संयुक्त आह्वानमा बुधवार मशाल जुलुससहित विरोध प्रदर्शन भएको छ ।

आफूहरूलाई प्रजातन्त्रवादी, गणतन्त्रवादी, विकासवादी, राष्ट्रवादी भन्ने नेपाली काङ्ग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्रलगायत विभिन्न राजनीतिक दलहरूले मिलेर नागरिकता विधेयकलाई संसद्बाट पास गरी राष्ट्रघात गरेको आरोप राप्रपाका केन्द्रीय सदस्य विनोद भारतीले लगाए ।

सरकारमा बस्ने र सरकारबाट बाहिरिएका पार्टीहरूले मिलेर नै नागरिकता विधेयकलाई पास गरेको भन्दै मुलुकमा व्याप्त भ्रष्टाचार, महँगीलाई नियन्त्रण गरी जनतालाई राहत दिने काम कुनै सरकार आए पनि नगरेको भन्दै मुलुक र जनतालाई बर्बादीतिर धकेल्ने राजनीतिक दल र नेताहरूलाई श्रीलङ्कामा शासकहरूलाई जनताहरूले लखेटे जसरी लखेट्ने दिन अब टाढा नभएको भन्दै केन्द्रीय सदस्य भारतीले आक्रोश पोखे ।

मुलुकमा राजतन्त्र हुँदा राष्ट्र, राष्ट्रियता, दिगो विकास, आम जनताका जनजीविकाहरूका सवालहरूलगायत अनेकौं राष्ट्र र आमजनताका हितमा राजाहरू आफू अडानमा रही मुलुकको सार्वभौमिकतालाई उच्च बनाए पनि अहिलेका दलहरूले मुलुकका हरेक पक्षलाई ध्वस्त बनाउँदै विदेशीको चाकरीमा लागेको आरोपसमेत उनले लगाए ।

कार्यक्रममा पार्टीको किसान सङ्गठनका केन्द्रीय अध्यक्ष निर्मल खड्का, पार्टीका पूर्वकेन्द्रीय सदस्य तथा वर्तमान प्रदेश सदस्य सावित्री भारती, पार्टी निजगढ नगर अध्यक्ष खड्गप्रसाद उप्रेती, मधेस प्रदेश 'क'का अध्यक्ष भक्तबहादुर दर्लामी, लीलाबहादुर राउतलगायतले मन्तव्य राखेका थिए ।

युवा सङ्गठन निजगढ नगरका अध्यक्ष प्रेम दाहालको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमको सञ्चालन राजेन्द्र सापकोटाले गरेका थिए । करीब दुई सयभन्दा बढीको सहभागितामा राजमार्गको शहीद चोकबाट निकालिएको मशाल जुलुस बुढचोक परिक्रमा गरी पुनः शहीद चोकमा समापन भएको थियो ।

# खेलकूदको संसार

## परवानीपुरमा कुश्ती प्रतियोगिता सम्पन्न

प्रस, परवानीपुर, १८ साउन/

परवानीपुर मेला व्यवस्थापन समितिको आयोजनामा कुश्ती प्रतियोगिता सम्पन्न भएको छ । हरेक वर्ष नागपञ्चमीको अवसरमा सोही दिन मेला लाग्ने गर्छ भने त्यसको भोलिपल्ट बृहत् कुश्ती प्रतियोगिता सम्पन्न हुने गर्छ ।


तस्वीरः प्रतीक

त्यसै क्रममा आज परवानीपुर बजारमा कुश्ती प्रतियोगिता सम्पन्न भएको छ । कुश्ती प्रतियोगितामा नेपाल र भारतका चर्चित पहलवानहरूको २६ जोड कुश्ती सम्पन्न भएको मेला व्यवस्थापन समितिका सदस्य जगदीश रामले जानकारी गराए ।

परवानीपुर गाउँपालिका सदस्यसमेत रहेका रामका अनुसार नागपञ्चमीको अवसरमा परवानीपुरको दुई दिने मेलामा एक दिन मेला र अर्को दिन कुश्ती हेर्न हजारौं श्रद्धालु भक्तजनहरू आउने गर्छन् ।

परवानीपुर गाउँपालिकाका अध्यक्ष रामक्षत्री राउत कुर्मीको प्रमुख आतिथ्यमा सम्पन्न कुश्ती प्रतियोगितामा वडाध्यक्ष तथा स्थानीय अगुवाहरूको सहभागिता थियो । कुश्तीमा विजयी पहलवानहरूलाई पुरस्कारसमेत दिइएको थियो ।

## नवौं राष्ट्रिय खेलकूदका सबै खेल गण्डकीमैं हुने

काठमाडौं, १८ साउन/रासस

राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्य–सचिव टङ्कलाल घिसिङले नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका सबै खेल गण्डकी प्रदेशमा नै गराउने तयारी भइरहेको बताएका छन् । आगामी असोज २८ देखि कात्तिक ३ गतेसम्म आयोजना हुने उक्त प्रतियोगिता गण्डकी प्रदेशमा आवश्यक मापदण्ड पूरा गर्न नसक्ने अवस्थामा मात्र काठमाडौंमा केही खेल गराउन सक्ने सङ्केत उनले दिए ।


राखेपका सदस्य–सचिव टङ्कलाल घिसिङ ।

नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ)को एनएसजेएफ एकेडेमीद्वारा बुधवार आयोजित स्पोर्ट्स डाइलगको पहिलो शृङ्खलामा सदस्य–सचिव घिसिङले नवौं राष्ट्रिय खेलकुदलाई व्यवस्थित गर्न एप्स बनाएर खेल आयोजना, मिति, समय र नतीजा त्यसमा समावेश गर्ने योजना रहेको बताए ।

उनले यसपटक राष्ट्रिय खेलको पहिलो संस्करणदेखि नवौंसम्मका खेलकूदका डाटा सुरक्षित गरिने तयारीसमेत रहेको बताए । यसैगरी, सदस्य–सचिव घिसिङले नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताबाट चीनमा आयोजना हुने १९औं एशियाली खेलकूदको लागि खेलाडी छनोटसमेत गरिने बताए ।

# बालिकाको मृत्यु भएको समाचार असत्य

प्रस, सेढवा, १८ साउन/

साउन १६ गते पर्सा राष्ट्रिय निकुञ्ज अन्तर्गत रामभौरीभाथास्थित दुग्धेश्वर महादेव मन्दिरमा लाग्ने साउने मेलामा दुर्घटना भएर दुईजना बालिकाको मृत्यु भएको कुरामा सत्यता नभएको स्थानीय प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीका प्रहरी निरीक्षक किशोर आचार्यले साउने मेला भर्न गएका दुईजना युवतीको मृत्यु भएको सामाजिक सञ्जालको समाचारमा सत्यता नभएको बताए । उनले भक्तजनहरूको लागि मन्दिरमा दर्शन गर्न जान बनाइएको भऱ्याङको रेलिङ भीडका कारण टुट्दा तीन/चार जना महिला, बालबालिका घाइते भएको कुरा सत्य भएपनि मृत्यु भएको भन्ने कुरामा सत्यता नभएको बताए ।

दुग्धेश्वर महादेव मन्दिर मेला समितिका सदस्य शिव चौधरीले घटना बिहान साढे आठ बजे भएको र युवतीहरू सामान्य चोटपटक लागेको र उनीहरूको उपचारपछि अभिभावकको जिम्मा लगाइ घर फिर्ता पठाएको बताए । उनले सो घटनालाई अतिरञ्जित बनाएकोमा निन्दा गरे ।

# सालको गोलिया बरामद

प्रस, पर्सागढी, १८ साउन/

प्रहरी चौकी बडनिहारले बुधवार बिहान तीन बजे सालको गोलिया बरामद गरेको छ ।


तस्वीरः प्रतीक

पर्सागढी नगरपालिका–३ झबराहाचोकमा साइकलमा १५ क्युफिट सालको गोलिया लिएर आउँदै गरेका तस्करहरूले प्रहरीलाई देखेपछि भागेका थिए । बरामद गोलिया र साइकल कारबाईको लागि प्रहरी चौकी बडनिहारमा राखिएको छ ।


Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,



## दूषित पानीका कारण हुने रोगप्रति सजग रहौं

फोहर पानीले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जन्डिसजस्ता रोगहरू लाग्न सक्छन् ।

त्यसैले:

- खोला, धारा वा मूलको पानी सीधैं नपिऔं ।
- पानी उमालेर वा शुद्धीकरण गरेर मात्र पिऔं ।
- पानीलाई पियुष, अक्वाटचाब्स वा क्लोरिनजन्य कुराहरू हालेर शुद्धीकरण गरौं ।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## गर्मी एवं वर्षातको समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।

औंलो (मलेरिया), डेंगु ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिसजस्ता सङ्क्रामक रोग लामखुट्टेको टोकाइबाट हुने गर्दछ ।

यसबाट बच्न,

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुला अङ्गमा लामखुट्टेको टोकाइबाट बच्ने मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
- ढल, नाला खुला नराख्ने,
- पोखरी, दह तथा नालाहरूमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुङ्गुर, बङ्गुर, हाँस, घोडाजस्ता पशुपक्षीहरू व्यवस्थित ढङ्गले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपक्षीको खोर टाढा राख्ने ।

छिपहरमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भिस्वा, पर्सा